# Sanjen Jalavidhyut Company Limited
## Kapanmarga,Kathmandu
### Unaudited Statement of Financial Position
### As on 29th Paush, 2080 (Corresponding to 14th January 2024)

*('000')*

| Particulars | This Quarter Ending 2080.09.29 (14.01.2024) | Previous Quarter Ending 2080.06.30 (17.10.2023) | Corresponding Previous Year Quarter Ending 2079.09.30 (14.01.2023) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property Plant and Equipment's | 815 | 844 | 3,683 |
| Project Capital Work in Progress | 12,228,962 | 11,926,195 | 10,386,867 |
| Term Deposit | - | - | - |
| **Total Non-Current Assets** | **12,229,777** | **11,927,039** | **10,390,550** |
| **Current Assets** | | | |
| Inventory | 2,359 | 3,726 | 21,358 |
| **Financial Assets:** | | | |
| Advances to Contractors and Consultants | 69,885 | 75,704 | 54,865 |
| Deposits and Margin | 3,211 | 3,400 | 6,360 |
| Prepayments | 68 | 138 | 72 |
| Current Tax Assets | 14,024 | 13,989 | 13,024 |
| Term Deposits with Banks | 270 | 270 | 350,270 |
| Trade Receivables | 69,999 | - | - |
| Other Advances | 48,801 | 29,313 | 27,156 |
| Bank Balances Call and Current | 80,428 | 38,118 | 54,475 |
| **Total Current Assets** | **290,045** | **164,658** | **527,580** |
| **TOTAL ASSETS** | **12,519,822** | **12,091,697** | **10,918,130** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity** | | | |
| Equity Share Capital | 3,650,000 | 3,650,000 | 3,650,000 |
| Other Equity(Reserve & Surplus) | (205,340) | (255,324) | (228,222) |
| **Total Equity** | **3,444,660** | **3,394,676** | **3,421,778** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| **Financial Liabilities:** | | | |
| Borrowings(Long Term EPF) | 8,515,848 | 8,133,946 | 7,008,315 |
| Other Non-current Liabilities(Retention) | 253,018 | 255,087 | 248,114 |

| | | | |
|---|---|---|---|
| **Total Non-Current Liabilities** | 8,768,866 | 8,389,033 | 7,256,429 |
| **Current Liabilities** | | | |
| **Financial Liabilities:** | | | |
| Borrowings | 240,000 | 240,000 | 192,574 |
| Provisions | 13,356 | 10,495 | 7,281 |
| Other Financial Liabilities and Payables | 52,940 | 57,493 | 40,068 |
| **Total Current Liabilities** | 306,296 | 307,989 | 239,923 |
| **TOTAL EQUITY AND LIABILITIES** | 12,519,822 | 12,091,697 | 10,918,130 |

**Sanjen Jalavidhyut Company Limited**

**Unaudited Statement of Profit or Loss**

**From 1st Srawan 2080 to 29st Poush 2080 (Corresponding to 14th January 2024)**

*('000')*

| Particulars | This Quarter Ending 2080/081 (2023/24) | Previous Quarter 2080/081 (2023/24) | Corresponding Previous year quarter ending 2079/080 (2022/023) |
|---|---|---|---|
| **Revenue** | | | |
| Revenue from Contract with Customers | 6,807 | - | - |
| Electricity Sales-SUHEP | 71,442 | | |
| **Cost Of Sales** | - | - | - |
| Generation Expenses | - | - | - |
| Distribution Expenses | - | - | - |
| **Gross Profit** | 78,249 | - | - |
| Depreciation and Amortization | (600) | (506) | (2,575) |
| Other income | 271 | 522 | 34 |
| Operating and Administrative Expenses | (24,994) | (5,652) | (7,253) |
| Employee Benefits | (16,551) | (5,198) | (9,226) |
| **Profit From Operation** | (41,873) | (10,834) | (19,020) |
| Finance Income | 604 | 366 | 5,380 |
| Impairments and Write-Offs | - | - | - |
| Exchange Gain / (loss) | (1,270) | (5,700) | (36) |
| **Profit Before Tax** | 35,709 | (16,168) | (13,676) |
| Income Taxes | | | |
| **Net Profit** | 35,709 | (16,168) | (13,676) |

अनुसूची-१४

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व २०८०।८१ को दोश्रो त्रैमासिक प्रतिवेदन ।

१ **वित्तिय विवरण** :

(क) त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरू यसै साथ सलग्न गरिएको छ ।

(ख) **प्रमुख वित्तिय सूचकहरू:**

हाल सान्जेन माथिल्लो जलविद्युत आयोजनाबाट सिमित मात्रामा वैकल्पीक प्रशारणलाइनबाट उत्पादित विद्युत विकी शुरु भएकोले विद्युत आम्दानी प्राप्त हुन शुरु भएको छ ।

यस त्रैमासिक अवधिमा प्रतिशेयर आम्दानी रु १.९६, प्रतिशेयर नेटवर्थ रु ९४.३७ र प्रतिशेयर कुल सम्पतिको मुल्य रु ३४३.०१ रहेको छ।

२ **व्यवस्थापकीय विश्लेषण:**

(क) यस कम्पनी अन्तर्गत रसुवा जिल्लाको आमाछोदीङ्गमो गाउँपालिकाको चिलिमे र गोल्जुङ गा.वि.स. मा विकास गरिएको १४.८ मे.वा क्षमताको सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाबाट विद्युत उत्पादन भै नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण प्रणालिमा जोडिसकिएको छ । मिति २०८० असोज २१ देखि वैकल्पिक प्रशारणलाइनबाट नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिकी भैरहेको छ ।

सान्जेन जलविद्युत आयोजना ( ४२.५ मेगावाट) को निर्माण कार्य करिब अन्तिम चरणमा रहेको र आगामी चैत्रमसान्तसम्ममा विद्युत उत्पादन शुरु गरिने लक्ष्य राखिएको छ ।

दिर्घकालीन ऋणपूंजी कर्मचारी सञ्चय कोषबाट लगानी भईरहेको छ । उक्त कर्जाको वार्षिक व्याज दर १०.५० प्रतिशत रहेको छ । दिर्घकालिन कर्जाको व्याज प्रत्येक तीन/तीन महिनामा पूंजीकरण गर्ने गरिएको छ । आयोजनाहरू सञ्चालनमा नआउँदासम्म व्याज पूंजीकरण हुदै जाने छ । कम्पनीको वितिय आवश्यकता पुरा गर्न श्री चिलिमे जलविद्युत कम्पनी लि.बाट रु. २४ करोड अल्पकालिन सापटी स्वरुप लिई वित्त व्यवस्थापन गरिएको छ जसको लेखांकन अल्पकालिन ऋण अन्तर्गत वासलातमा देखाइएको छ ।

हालसम्मको अवस्था र कार्यप्रगतिको आधारमा कम्पनी अन्तर्गतका निर्माणाधिन जलविद्युत आयोजना मध्ये सान्जेन जलविद्युत आयोजना आगामी २०८० चैत्र मसान्तसम्ममा विद्युत उत्पादन शुरु हुने अनुमान रहेको छ ।

बिगतमा झेल्नु परेको विभिन्न प्राकृतिक प्रकोप लगायत घटनाहरु भुकम्प, बाढीपहिरो, नेपाल भारत सीमा अवरोध, विभिन्न सरकारी तथा अर्धसरकारी निकायबाट पाउनुपर्ने स्वीकृतमा ढिलाइ, ठेकेदारको कार्यसम्पादनमा ढिलाइ कोभिड-१९ लगायत विविध कारणले गर्दा आयोजना सम्पन्न हुने मिति लम्बिदै गएको छ ।

सान्जेन जलविद्युत आयोजना (४२.५ मे.वा) को सबै उपकरण निर्माणस्थलमा आपूर्ति भै जडान कार्य द्रुत गतिमा भइरहेको छ ।

उल्लेखित जलविद्युत आयोजनाहरुबाट वार्षिक ३२ करोड ४३ लाख ५ हजार युनिट विद्युत शक्ति उत्पादन गरी विद्युत खरिद-विक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिने छ । यसरी प्राप्त आयलाई विद्युत केन्द्रको सञ्चालन तथा अन्य प्रशासनिका खर्चहरुको व्यवस्थापन गर्न, आयोजना निर्माण अवधिको व्याज सहितको कर्जा भुक्तानी गर्न, सञ्चालनको अवधिमा हुने व्याज तथा सांवा भुक्तानि गर्न, सेयरधनीलाई प्रतिफल दिन र नयाँ आयोजनाहरूको अध्ययन तथा विकास गर्नमा खर्च गर्दै जाने योजना रहेको छ । निर्माणमा रहेका सान्जेन जलविद्युत आयोजना अन्तिम चरणमा रहेको हुँदा नयाँ आयोजना पहिचानको कार्य समेत अगाडि बढाइएको छ ।

(ख) कम्पनीको नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवि प्रकोप (काबु बाहिर) को असर भने सधै रहिरहने ।

(ग) सान्जेन जलविद्युत आयोजनाको निर्माण अवधिको ब्याज बाहेकको शुरु लागत अनुमान रु. ५ अर्ब २ करोड ४२ लाख र सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको रु. २ अर्ब २१ करोड ८० लाख गरी कुल रु. ७ अर्ब २४ करोड २२ लाख (बैशाख २०६८ को आधारमा) हुने अनुमान रहेको थियो । विविध कारणले आयोजनाको निर्माण अवधि लम्बिदै जाँदा निर्माण अवधिको ब्याज, विदेशी मुद्राको सटही दरमा भएको वृद्धि, प्रशासनिक खर्च, परामर्शदाताको खर्च, मूल्य समायोजन, जस्ता कारणबाट अयोजना लागत पनि सोही अनुसार वृद्धि हुन गएको छ ।

(घ) यस त्रैमासिकको समिक्षा अवधिमा कम्पनीको जिन्सी मौज्दात शिर्षकमा घट्दै गएको छ। सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाबाट उत्पादित विद्युत शक्ति आपूर्ति गर्ने प्रयोजनका लागि निर्माणाधिन बेकल्पिक ११ के.भि डवल सर्किट लाइनका लागि ने.वि.प्रा. बाट आपूर्ति गरिएका विद्युतका पोल तथा उपकरणहरुलाई मौज्दातमा राखिएकोमा यस अवधिमा मौज्दातलाइ खर्च लेखांकन गरिएकोले मौज्दात रकम उल्लेखनीयरुपमा घट्दै गएको छ ।

(ड) अन्य दायित्व अर्न्तगत आ.व. को अन्त्यमा ठेकेदारलाइ भुक्तानी गर्नुपर्ने भनी एकिन भएका रकम समावेश भएकोमा यस अवधिमा सो रकम मध्ये केहि दायित्व रकम भुक्तानी भएकोले अघिल्लो त्रैमासिकको तुलनामा घट्न हुन गएको छ ।

**३ कानुनी कारवाही सम्वन्धी विवरण :**

यस सम्बन्धमा कुनै केफियत नभएको ।

**४ संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :**

(क) सेयरको वजार मूल्यमा असाधारण तरिकाले थप / घट हुने गरी कम्पनी व्यवस्थापनद्वारा कुनै कार्यहरू गरिएको छैन । धितोपत्र बजारमा यस कम्पनिको शेयर कारोबार सामान्य प्रकृतिबाटै भईरहेको छ ।

(ख) त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण : (श्रोत: नेप्सेको आधिकारिक वेभसाईट)

| सेयरको अधिकतम् मूल्य (रू.) | सेयरको न्यूनतम् मूल्य (रू.) | सेयरको अन्तिम मूल्य (रू.) | कारोवार भएको कुल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ३२८/४० | २३२/१० | ३२४/- | ४९ | ६२२८ |

**५ समस्या र चुनौती :**

सान्जेन तथा सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाबाट उत्पादित विद्युत शक्तिलाइ नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण प्रणालिमा जोडि व्यवसायिक रुपमा विद्युत विक्री गर्नु कम्पनीको लागि मुख्य चुनौति देखिएको छ ।

**६ संस्थागत सुशासन :**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम र विनियमावलीहरू सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, आयोजना कार्यान्यवन अनुगमन उप-समिति, शेयर निष्काशन तथा व्यवस्थापन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको । आयोजनाको विस्तृत डिजाइन र निर्माण सुपरभिजनको लागि छुटै परामर्शदाताको नियुक्ति गरिएको । प्रचलित ऐन कानुनको पालना हुने गरी महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तीको लागि परामर्श माग गरी तहाँबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गरी वार्षिक रुपमा लेखापरीक्षण सम्पन्न गर्ने गरिएको । साथै कम्पनी ऐन २०६३ बमोजिम तोकिएको समय भित्र साधारण सभा गर्ने गरिएको । कम्पनीको सम्पूर्ण शेयर निष्काशन नहुन्जेल सम्मकोलागि संस्थापक शेयरधनी संस्थाबाट सञ्चालक मनोनित भएपछि मात्र सञ्चालक समितिले पूर्णता पाउने छ । सञ्चालकहरु आ-आफ्नो क्षेत्रमा लामो समय अनुभवी रहेकाहरु नियुक्त भई आएको अवस्था रहेको । कम्पनिको आर्थिक प्रशासन विनियमावलीमा व्यवस्था भए बमोजिम आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको ।

७. अन्य सम्बन्धमा:

सान्जेन (माथिल्लो) जलविद्युत आयोजना मिति २०८० असोज २१ गतेदेखि सञ्चालनमा आएको भएतापनि अझै केही कामहरु सम्पन्न हुन बाँकि रहेकोले उल्लेखित आयोजनाको लागतलाइ चालु पूँजीगत खातामा देखाइएको हुँदा कर्जाको व्याज र ह्रास खर्चलाई नाफा नोक्सान हिसाबमा देखाउन नमिलेका कारण यस त्रैमासिकमा नाफा देखिन गएको छ। सान्जेन जलविद्युत आयोजना ४२.५ मे वा सम्पन्न भएपश्चात एकसाथ पूजीकरण गरिने भएको र तत्पश्चात ब्याज तथा ह्रास खर्चका कारण नाफा नोक्सान हिसाव सोही अनुसार प्रभावित हुने कुरा सरोकारवालाहरुको जानकारीको लागि अनुरोध छ।

८ प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायी छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु। लगानीकर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु। थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु।

## अनुसूची– १६
### (नियम २६ को उपनियम (५) सँग सम्बन्धित)
### विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण

**तुरुन्तै जानकारी गराउनु पर्ने घटनाहरु:**

१ संगठित संस्थाको विनियममा संशोधन भएमा – कम्पनीको नियमावलीको नियम २३ को १ र नियम २७ को २ को सट्टा देहायको नियम २३ को १ र नियम २७ को २ राखिएको छ :

२३ . गणपूरक संख्या :

१) वाडफाँड भएको कूल शेयर सख्याको ५० प्रतिशत शेयर भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनी स्वयम वा आफनो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

२७. संचालक समितिको गठन, संख्या र कार्यकाल :

(२) यस कम्पनीमा एक जना स्वतन्त्र सञ्चालक सहित ७ (सात) जना सञ्चालकहरु रहेको सञ्चालक समिति हुनेछ र सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ .

(क) संस्थापक समूहका शेयरधनीहरुबाट मनोनित वा निर्वाचित चार (४) जना सञ्चालक ।

(ख) सर्बसाधारण समुहका शेयरधनीहरुबाट नियुक्त वा निर्वाचित एक जना महिला सहित दुई (२) जना सञ्चालक ।

(ग) सञ्चालक समितिको सिफारिसमा साधारण सभाबट नियुक्त वा निर्वाचित एक (१) जना स्वतन्त्र सञ्चालक।

(घ) संस्थापक शेयरधनीहरुबाट नियुक्त वा मनोनित सञ्चालकहरु मध्येबाट सञ्चालक समितिको अध्यक्ष निर्वाचित हुनेछ ।

२ तात्विक असर पर्ने व्यवसायिक सम्झौता वा समाप्ती (Material Business Agreement) – छैन ।
३ तात्विक असर पर्ने व्यवसायीक सम्झौता (Material Business Agreement) को समाप्ती – छैन ।
४ तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरीद/विक्री सम्बन्धी विवरण – छैन ।
५ कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण –छैन ।
६ व्यवसाय/सेवाबाट वर्हिगमन सम्बन्धी विवरण – छैन ।
७ सम्पत्तिको पुर्नमूल्यांकन सम्बन्धी विवरण – छैन ।
८ लेखापरीक्षक परिवर्तन भएमा
आ.व.२०८०/८१ का लागि श्री महालेखापरीक्षकको कार्यालयको सिफारिस वमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट चार्टर्ड एकाउन्टेन्ट श्री सुरेन्द्र वहादुर के सि लाई कम्पनीको वैधानिक लेखापरिक्षकको रुपमा नियुक्त हुनु भएको छ ।
९ संगठित संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन भएमा – सञ्चालक शान्तिलक्ष्मी शाक्यले मिति २०८० पौष १३ देखि लागु हुने गरी दिनु भएको राजिनामा स्वीकृत भएको ।
१० संगठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा – छैन ।
११ शेयरपूँजीको स्वामित्व संरचना परिवर्तन भएमा – छैन
१२ व्यवसायको प्रकृति परिवर्तन भएमा – छैन ।

१३ लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन भएमा – छैन

१४ शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा – छैन।

१५ प्रतिफलको लागि शेयर निष्काशन गरेमा - छैन

१६ संगठित संस्थाले दायर गरेको वा संगठित संस्था विरुद्ध दायर भएको मुद्दा – छैन

१७ संगठित संस्थाबाट जारी गरिएको सूचना – छैन।

१८ पूर्वघोषित वित्तिय विवरणहरु त्रुटी भएमा– यस भन्दा अगाडि प्रकाशित विवरणमा भएको सामान्य परिवर्तनलाई समेत यस विवरणमा मिलाइएको छ।

१९ ठेगाना परिवर्तन भएमा – छैन।

२० व्यवसाय सञ्चालन हुन नसक्ने वा खारेजी – छैन।

२१ नामसारी दाखिल खारेज बन्द – वाह्रौ साधारण सभाको लागि मिति २०८० पौष १९ गते कायम गरिएको।

२२ कुनै असामान्य घटना र संगठित सस्थामा परेको असर – छैन।

२३ आर्थिक वर्ष समाप्त भएको छ महिना समाप्त भैसक्दा पनि वार्षिक साधारण सभा नभएमा – आ. व. २०७८।७९ को वाह्रौ वार्षिक साधारण सभा मिति २०८० पौष २९ गते सम्पन्न भएको छ। साथै कम्पनीवाट निर्माणाधिन दुई आयोजना मध्ये एक आयोजना सम्पन्न भएको र एक आयोजना अन्तिम चरणमा रहेकोले सोको सम्पन्न गर्ने तर्फ ध्यान केन्द्रित गर्नु परेकोले आ. व. २०७९।०८० को वार्षिक साधारण सभा सम्पन्न हुन समय लागेतापनि चाडै उक्त साधारण सभा सम्पन्न गरिनेछ।

२४ सूचिकरण खारेज भएको सूचना वा सूचिकरण हुन आवश्यक कुरा पुरा गर्न नसकेमा – छैन।

२५ संगठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटना – छैन।